अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०३।०२ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी विकल पौडलेसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट **विकल पौडेल, नविन कुमार पोखरेल, रमेश प्रसाद पोखरेल, मनिक मान महर्जन, राम बहादुर बुढा र शिरीष उपाध्याय** समेतका प्रतिवादीहरु उपर सुरक्षण मुद्रण केन्द्रको लागि Power System in Security Printing Press and Pressurized Fuel Storage Tank खरिद कार्यमा अस्वभाविक लागत अनुमान तयार गरेको, गुणस्तरहीन ट्रान्सफर्मर खरिद/आपूर्ति, सम्झौताको शर्त विपरित अन्य मुलुकको सामान स्वीकार गरेको, कामै नगरी काम भए सरह भुक्तानी गर्ने कार्य गरेको र वास्तविक रुपमा आवश्यक नभएको र औचित्य पुष्टि नहुने समान खरिद गरेको देखिई उक्त खरिद कार्यमा भ्रष्टाचारजन्य कार्य भएको पुष्टि हुन आई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा८ को उपदफा (१) को खण्ड (क), (ख),(ङ) र (च) को कसूरमा प्रतिवादी मध्येका विकल पौडेलको हकमा बिगो रू. ६९,०८,८१,८५४/७०, नविन कुमार पोखरेलको हकमा बिगो रू.४९,४६,३५,९४५/७०, रमेश पोखरेलको हकमा बिगो रु. २०,३८,९३,८२७/६३, मनिक मान महर्जनको हकमा बिगो रु.३,४४,६८,७२९/-, राम बहादुर बुढाको हकमा बिगो रु.१९,८८,९४,२८९/३२ र शिरीष उपाध्यायको हकमा बिगो रु.४०,०१,३९,७३६।- कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो असुल हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०२।०८ को फैसलाबाट आंशिक सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०३।०२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

सहायक प्रवक्ता
देवी प्रसाद थपलिया